प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर, नेपाल

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल

प.सं. :- ०८१/८२
च.नं. :- १४०४

मिति :- वि.सं. २०८१/१२/१९

ने.स. :- ११४५ चौलाथ्व ३ मंगलवार

विषय: सूचना प्रचार प्रसार सम्बन्धमा ।

श्री सबै स्थानीय तहहरू
कोशी प्रदेश।

उपर्युक्त सम्बन्धमा यस मन्त्रालय अन्तर्गत प्रदेश स्तरमा कार्यान्वयनमा रहेको नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना-दोस्रो चरणको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पूर्व-सिकाइको मान्यता (Recognition of Prior Learning - RPL) विधिद्वारा सीप परीक्षण सम्बन्धि राष्ट्रिय सीप परीक्षण समिति (NSTB) सानोठिमी भक्तपुर, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्(CTEVT) कोशी प्रदेश कार्यालय, ईटहरी र यस मन्त्रालयबीच भएको त्रिपक्षीय सम्झौता अनुसार भौचर प्रणालीमा आधारित निःशुल्क सीप परीक्षण सञ्चालन सम्बन्धि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्(CTEVT) कोशी प्रदेश कार्यालयबाट प्रकाशित सूचना र आवेदन फाराम यसैसाथ संलग्न राखी पठाइएको छ।संलग्न सूचना तहाको सूचना पाटी, वेवसाइट र फेसबुक पेज लागायतका माध्यमबाट प्रचारप्रचार गरी सीप परीक्षण गर्न इच्छुक व्यक्तिहरुलाई सहभागी गराई सहयोग गरिदिनुहुन अनुरोध छ।

.................................
(लक्ष्मी न्यौपाने)
उपसचिव

(Notice no: NSTB/NVQS/MOSD-Koshi-01)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT)
कोशी प्रदेश कार्यालय, ईटहरी, सुनसरी

# सीप परीक्षणको आवेदन आव्हान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०८१/१०/१८**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board-NSTB) बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका अनुसार कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय /नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना दोस्रो चरण (NVQS P-II) तर्फको, सहुलियत शुल्कमा सञ्चालन हुने **पूर्व-सिकाइको मान्यता** (Recognition of Prior Learning-RPL) विधिद्वारा हुने **एकाईगत दक्षता** (Unit-based Competency) को **भौचर प्रणालीमा आधारित सीप परीक्षणमा** सहभागी हुन चाहने **स्वदेशमा/वैदेशिक रोजगारको अनुभव** प्राप्त नेपाली नागरिकहरूबाट आफूलाई पायक पर्ने तपसिल बमोजिमका सीप परीक्षण केन्द्रमा आवेदन फारम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

क) फारम सङ्कलन केन्द्र, सीप परीक्षण हुने व्यवसाय र तह:

| क्र.स. | आवेदन फारम सङ्कलन/सीप परीक्षण केन्द्रहरू | सम्पर्क नं. | व्यवसाय | तह |
|---|---|---|---|---|
| १. | मनमोहन मेमोरियल पोलीटेक्निक हात्तिमुडा, बुढीगंगा, मोरङ | ०२१-६२२०५८<br>०२१-५९०६९७<br>९८५२०८६५९८ | वेल्डर | २ |
| | | | बिल्डिङ पेन्टर | २ |
| | | | प्लम्बर | २ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |
| | | | रेफ्रिजिरेसन तथा ए.सि. मेकानिक | २ |
| | | | कम्प्यूटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ |
| २. | पाथिभरा हिमालयन पोलीटेक्निक इन्स्टिच्युट, इटहरी, सुनसरी | ९८४२१४८७४५<br>९८१९३३१७१६<br>०२५-५८१४५७ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | बिल्डिङ पेन्टर | २ |
| ३. | झापा प्राविधिक शिक्षालय, विर्तामोड, झापा | ०२३-५३२४८८<br>०२३-५३३७८८<br>९८४२६५३०९५ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | बिल्डिङ पेन्टर | २ |
| ४. | दमक टेक्निकल एजुकेशन फाउण्डेशन प्रा. लि., दमक, झापा | ९८५२६५०५१८ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | बिल्डिङ पेन्टर | २ |
| | | | कप्युटर हार्डवेयर एण्ड नेटवर्क | २ |

CTEVT Koshi Province

| | | | | |
|---|---|---|---|---|
| | | | टेक्निसियन | |
| ५. | सुम्निमा पोलीटेक्निक इन्स्टिच्युट, देउराली, भोजपुर | ०२९-४२०७१६<br>९८५२०५२२५६ | कन्स्ट्रक्सन मेसन | २ |
| ६. | रत्नकुमार बान्तवा पोलीटेक्निक इन्स्टिच्युट, ईलाम | ९८५२६८०५१८ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |

ख) **आवेदनको लागि न्यूनतम योग्यता:**

| | |
|---|---|
| तह २ को लागि | सम्बन्धित व्यंवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको,<br>**वा**<br>सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भई सम्बन्धित पेशामा १ वर्षको कार्य अनुभव भएको, |

ग) **आवेदन फारम तथा रजिस्ट्रेसन शुल्क: रु २७० (आवेदकले व्यहोर्ने)**

घ) **सीप परीक्षणमा सहभागीले आवेदन फारम भर्दा पालना गर्नु पर्ने सर्तहरू:**

१) यस सूचना तथा आवेदन फारम सामाजिक विकास मन्त्रालयको कोशी प्रदेशको वेवसाइट https://mosd.koshi.gov.np तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) कोशी प्रदेश कार्यालयको वेवसाइट https://ctevtp1.org.np बाट डाउनलोड गर्न तथा तोकिएको केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ ।

२) आवेदन फारम तोकिएको केन्द्रमा मिति २०८१।११।१८ गते भित्र बुँझाउनु पर्नेछ । आवेदन फारम बुँझाउने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट सम्म बुँझाउन सकिनेछ।

३) आवेदन फारमको साथ पासपोर्ट साइजको हालसालै खिचिएको एकै किसिमको फोटो २ प्रति, नागरिकता प्रमाणपत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र (अनुभवको प्रमाणपत्रको हकमा नेपाल सरकार, वा अर्ध सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजी रोजगारदाता संस्था/उद्योग/व्यवसायीले सम्बन्धित पेशा /व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको प्रमाणपत्र वा पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । कार्य अनुभव १६ वर्ष उमेर पछिको मात्र मान्य हुनेछ ।

४) स्थानीय स्तरमा स्वरोजगार भई कार्य अनुभव भएका व्यक्तिले अनुभवको प्रमाणपत्रको हकमा आफू कार्यरत वडा कार्यालयको सिफारिस पत्र पेश गर्न सक्नेछन् ।

५) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिले आवेदन फारम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशाको विदेशमा गरेको कामको अनुभवपत्र (अङ्ग्रेजीमा अनुवादित गरिएको प्रति), पासपोर्ट र भिसाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

६) तोकिएको समयभित्र दर्ता नभएका र रित नपुगेका आवेदन फारमहरू स्वतः रद्द हुनेछन् ।

७) परामर्श सेवा तथा सीप परीक्षणको जानकारी SMS बाट समेत जानकारी गराइने छ । सीप परीक्षण आवेदन भरेकै केन्द्रबाट सहभागी आफै उपस्थित भई सीप परीक्षणको अघिल्लो दिन भित्र प्रवेशपत्र प्राप्त गर्न सकिनेछ । सम्पर्क मितिको भोलिपल्ट देखि नै सीप परीक्षण सञ्चालन हुन सक्नेछ ।

CTEVT Koshi Province

८) परामर्शकर्ताको सिफारिस अनुसार सीप परीक्षणका लागि तयार भएका आवेदकले मात्र भौचर (सीप परीक्षणमा लाग्ने सामाग्री तथा अन्य खर्च) प्राप्त गरी सीप परीक्षणमा सामेल हुन पाउने छन् ।

९) यस भन्दा पहिले सीप परीक्षणमा सहभागी भएका परीक्षार्थीहरूले पहिले सीप परीक्षणमा सहभागी हुँदाको रजिष्ट्रेशन नम्वर अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ । यसरी दोहोऱ्याएर सीप परीक्षण दिनेहरूले आवेदन फारमको माथि पुनःपरीक्षण भन्ने कोठामा चिन्ह लगाउनु पर्ने छ ।

१०) आवेदकले कुनै एक तह वा पेशामा मात्र आवेदन दिन पाउने छन् ।

११) तहगत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका (NOSS) मा भएका दक्षताका इकाईहरू मध्ये परीक्षार्थीले उत्तीर्ण गरेको दक्षताको इकाईको प्रमाणपत्र प्राप्त गर्न सक्नेछन् ।

१२) सीप परीक्षण आवेदन फारम सङ्कलन केन्द्रले आवेदन सङ्कलन गर्दा **आवश्यक कागजात पुगेको रुजु गरी (आवेदन फारम भर्ने अन्तिम मितिबाट पाँच दिन भित्र Online System बन्द हुने भएकाले)** उक्त अवधि भित्र अनलाइन फारम इन्ट्री गरी परिषद् प्रदेश कार्यालयबाट अन्तिम **रुजु भई सके पछि** इन्ट्री बापत प्रति फारम रु.७०।–का दरले कट्टा गरी बाँकी रकम जम्मा गर्ने केन्द्रको नाम र आवेदन संख्या स्पष्ट खुलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कोशी प्रदेश कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैक लि., शाखा कार्यालय, ईटहरी, सुनसरी च. हि. खाता नं. २५५०१००००१२७८००१ मा रकम जम्मा गरी सक्कल भौचर स्क्यान कपि अपलोड गर्नु पर्नेछ ।

१३) यस सूचनामा उल्लेखित पेशा व्यवसायको सीप परीक्षण सम्बन्धित प्रमाणिकृत वा तोकिएको सीप परीक्षण केन्द्रमा सञ्चालन हुनेछ ।

**थप जानकारीको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कोशी प्रदेशको मोवाइल नम्बर ९८४२४११६२२ तथा नेपाल व्यावसायिक योग्यता प्रणाली, प्रदेश परियोजना सहयोग इकाईको सम्पर्क नम्बर ०२१-५९०७०५ मा सम्पर्क गर्न सकिने छ ।**

निर्देशक

CTEVT Koshi Province

सि.नं. .....

राष्ट्रिय सीप परीक्षण समितिले भर्ने)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद

# राष्ट्रिय सीप परीक्षण समिति

पूनः परीक्षणको लागि

२०४५

## पू.सि.मा.(आर.पि.ए.ल) सीप परीक्षणको लागि दरखास्त फारम

आवेदन संख्या/(Appl No) ____ आवेदन मिति/(Reg. Date) ____

पंजीकरण संख्या/(Reg. No) ____ पंजीकरण मिति/(Reg. Date) ____

सीप क्रमाङ्क/(Skill Symbol No) ____ परीक्षण किसिम [ नियमित ] [ प्रयोजित ]

श्रीमान् आर.पि.एल कोअर्डिनेटर र सदस्य सचिवज्यू

त्यस समितिबाट मिति .................... मा लिईने सीप परीक्षणमा सम्मिलित हुन मेरो नागरिकता परीक्षण दिने व्यवसाय सम्बन्धी तालीम/अनुभवको प्रमाणित प्रतिलिपिहरु र चार प्रति फोटो संलग्न गरी परीक्षण दस्तुर बुझाई निम्न विवरण सहित निवेदन पेश गरेको छु। नियमानुसार परीक्षणमा सम्मिलित हुन पाउँ

व्यवसाय ....................................दक्षता १.☐ २.☐ ३.☐ ४.☐ ५.☐ तहः ................ परिक्षण केन्द्रः

१. निवेदकको पूरा नाम थरः

२. अंग्रेजी ठूलो अक्षरमा नाम थरः

जन्म मितिः (विक्रम सम्वतमा) २० ............. साल ............. महिना ........... गते (इस्वी सन्‌मा) २० ........... साल ......... महिना ......... गते

लिङ्‌ः पुरुष/महिला/अन्य जातिगत समुहः दलित ☐ जनजाति ☐ अन्य ☐ नागरिकताः प्रमाणपत्र नं.

जारी जिल्लाः ........................... मितिः ................

३. बाबुका पूरा नाम, थरः देवनागरीमा

बावको परा नाम, थरः अंग्रेजी ठलो अक्षरमा

४. निवेदकको स्थायी ठेगानाः

नेपालीमाः गा.वि.स./न.पा./महा.नं. पा ........................................... वडा .......... ब्लक नं. .......... जिल्ला ....................... अंचल ............

अंग्रेजीमाः VDC/N/M ........................................ Ward No ................ Block No....................... District .......................... Zone

५. पत्राचार गर्ने ठेगानाः गा.वि.स./न.पा./महा.न.पा. ....................... वडा ......ब्लक नं. ......जिल्ला .......................अंचल .............. फोन...............

६. व्यवसाय सम्बन्धी विवरण

| सम्बन्धित व्यवसायमा तालिम लिएको अवधि | सम्बन्धित व्यवसायमा काम गरेको अवधि | वैदेशिक रोजगारबाट फर्केको भए |
|---|---|---|
| संस्थाको नामः<br>वर्ष ............ महिना : ....... (......घण्टा) | संस्थाको नामः | देश र संस्थाको नामः<br>पासपोर्ट नं.:<br>काम गरेको वर्ष .............. महिनाः ................ |

७. सीप परीक्षणमा सामेल हुँदा रोजगारको अवस्थाः छ ( ), छैन ( ) भएमा क) स्वरोजगार ख) स्वदेशी रोजगार ग) बैदेशिक रोजगार

८. यस अघि सीप परीक्षण दिएको छ ( ), छैन ( ), दिएको भए व्यवसाय ............................................................................................ तह ................

उर्त्तिण भएको भए : सैद्धान्तिक ( ) प्रयोगात्मक ( )

परीक्षण मिति ...................... केन्द्र ..........................................................................

पंजीकरण संख्या ........................................ सीप क्रमाङ्क ..........................................

९. यदि बैदेशिक रोजगारीमा जाने इच्छा भएमा जाने मुलुकको नाम : ...........................................................

१०. उल्लेखित विवरण वेबपेजमा राख्न मेरो पूर्ण मन्जुरी रहने छ।

११. उल्लेखित सबै विवरण ठीक साँचो हो, झुठा भएमा नियम बमोजिम सहूँला बुझाउँला।

..............................
निवेदक

..............................
मिति

| | | | |
|---|---|---|---|
| सीप परीक्षण दस्तुर रुः<br>.............<br>रसिद नं.: ..............<br>मिति : ............... | • उल्लेखित लेखिएको विवरण रुजु गरी हेर्दा निवेदक परीक्षण दिन योग्य/अयोग्य देखिएकोले निजको दरखास्त फाराम स्वीकृत/अस्वीकृत लागि सिफारिश गर्दछु।<br>• फाराम अस्वीकृत भए कारण ................................ | ..........................................<br>आर.पि.एल / पू.सि.मा.को. डेस्क, ब. व्य. तथा ज.स.ई रा.सी.प. समिति | ..............................<br>सदस्य सचिव<br>सी.प.व्य.ई<br>रा.सी.प. समिति |
| ..............................<br>लेखा शाखा | ..............................<br>सीप परीक्षण अधिकृत | | |

सम्पर्क फोन नम्बर : ०१६६३८१५३, ०१६६३५६९९, ०१६६३५१९५, ९८५११६३९६४, ९८५११२७०८० फ्याक्स : ०१६६३८३५१ र वेब : www.nstb.org.np